लुम्बिनी प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

बिषय: लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८० स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न माननीय मुख्यमन्त्रीबाट स्वीकृति प्राप्त मितिः२०८०/०५/२६

१. विषयको संक्षिप्त व्यहोराः-

प्रदेश योजना आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न "लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८०" जारी गरिएको छ । लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८०" को दफा १२ को खण्ड (ग) मा प्रतिवन्धात्मक वाक्यांश थप गर्नु पर्ने भएकोले संशोधनका लागि प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनार्थ यो प्रस्ताव तयार गरिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः- ×

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः-

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८० स्वीकृत गर्नका लागि प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश हुन माननीय मुख्यमन्त्रीज्यूबाट मिति २०८०/०५/२६ मा स्वीकृति प्राप्त भएकोले प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को अनुसूची १ को बुँदा न.१७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः-

यसै साथ संलग्न लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८० स्वीकृत गर्ने।

मितिः२०८०/०५/२६

राजेन्द्र थापा
प्रदेश सचिव

श्री प्रदेश सचिव,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(कानून तथा संवैधानिक मामिला महाशाखा),
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८० स्वीकृत गर्ने बिषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं.१/२३-२०८० मिति २०८०।०५।२६ को प्रस्ताव लु.प्र.मं.प.बै.सं. १८/२०८०, मिति २०८०।०५।२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन लुम्बिनी प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०८०।०५।२६

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

(सुमन घिमिरे)
नि. प्रमुख सचिव

# लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०

विकास समिती ऐन, २०१३ को दफा ३(क) बमोजिम लुम्बिनी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम **"लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०"** रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८० को दफा १२ मा संशोधन :-

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८० को दफा १२ को खण्ड (ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ–

"तर दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको महिला सदस्यको हकमा कुनै विषयमा स्नातक तह उत्तिर्ण गरेको ।"

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी) नेपाल